।नेपालको संविधान २०७२ तथा कर्णाली प्रदेश सरकारको गाउँसभा सञ्चालनका लागि व्यवस्थापन गर्न बनेको ऐन २०७५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पातारासी गाउँपालिकाको नवौं गाउँसभामा प्रस्तुत

# आर्थिक वर्ष २०७९।०८०

को

# वार्षिक बजेट नीति तथा कार्यक्रम

पातारासी गाउँपालिका जुम्ला

**पातारासी गाउँपालिका**

**डिल्लीचौर, लासी, जुम्ला**

**कर्णाली प्रदेश**

# दुई शब्द

## पुन्नसिगं बोहोरा

## गाउँपालिका अध्यक्ष

पातारासी गाउँपालिका जुम्ला



**पातारासि गाउँपालिकाको बिनियोजन ऐन,२०७९**

पातारासि गाउँपालिकाको आर्थिक बर्ष ०७९र०८० को सेवा र कार्यको लागि स्थानिय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यबस्था  गर्न बनेको ऐन,

**गाउँसभामा पेश मिति २०७९र०३र१०**

**प्रस्तावनाः**पातारासि गाउँपालिकाको आर्थिक बर्ष २०७९र०८०को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२९ को उपधारा ९२० बमोजिम पातारासि गाउँसभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** ९१०यस ऐनको नाम पातारासि गाउँपालिकाको बिनियोजन ऐन,२०७९रहेको छ

९२० यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२आर्थिक बर्ष २०७९र०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०७९र०८० को बजेट गाउँ कार्यपालिका,वडा समिति, बिषयगत शाखाले, गर्ने सेवा कार्यहरुका निमित्त अनुसुचि १ मा उल्येखित चालु , पुजिगत खर्च र बितिय व्यबस्थाको रकम समेत गरि जम्मा रु।

(२) ४५,५८,१९,१४४।६३।९**पैतालिस करोड अन्ठाउन्न लाख उन्नाइस हजार एक सय चौवालिस रुपैया त्रिसाठी पैसा**०मा नबडाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३ विनियोजनः** ९१० यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७९र०८० को बजेट पातारासी गाउँपालिकाको गाउँ कार्यपालिका,वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

**९२०उपदफा** ९१०मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका,वडा समिति र बिषयगत शाखाले गर्नेसेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकम बाट दश प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।बितीय व्यबस्था अन्तरगत साँवाब्याज भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

**९३० उपदफा** ९२० मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्दा सो शीर्षकको जम्मा स्बीकृत रकमको पच्चीस प्रतिशत भन्दा नबढ्ने गरि अर्को शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ

**अनुसुचि( १**

**९दफा २ सँग सम्बन्धित०**

**नेपालको संबिधानको धारा २२९९२० बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम**

**र श्रोतगत आय**

| क्र सं | विवरण | आन्तरिक आय | राजश्व बाँडफाँड | वित्तिय समानीकरण | शसर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | | ९९४८०००० | १०७३०००००० | १५१७०००००० | २७०००००० | २४०००००० | ४०९४८००० |
| २ | प्रदेश सरकार | | १५२४१४४।६३ | १०८५५००० | १६८५०००० | ३५००००० | १०००००००० | ४५२२९१४४। |
| ३ | पातारासी गाउँपालिका | १११०००० | १०१००४१४४।६३ | ११८१५५००० | १६८५५०००० | ३३०००००० | २४०००००० | ४५५८१९१४' |
| | | | | | | | | |

| क्र सं | ब्यय शिर्षक | रकम रु |
|---|---|---|
| १ | पूँजिगत | १८२४०९१४४|( |
| २ | चालु खर्च | २७३४१००००|( |
| ३ | जम्मा | ४५५८१९१४४|( |

पातारासी गाउँपालिका जुम्ला

**प्रतावहरुः**

1. **वार्षिक निति तथा कार्यक्रम**
2. **आव २०७९।८०को बजेट**
3. **आर्थिक ऐन**
4. **बिनियोजन ऐन**
5. **पातारासी गाउँपालिकाको ढुङ्गा गिट्टि तथा बालुवा उत्खनन् मापदण्ड २०७९**
6. **पातारासी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यविधि २०७९**
7. **विभिन्न नितिगत निर्णहरु**

**निर्णय नं १ः प्रताव नं १ उपर व्यापक रुपमा छलफल गरि आव २०७८।८० को वार्षिक नीती तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।**

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

नेपालको संविधान २०७२, आर्थिक कार्यविधि ऐन नियमावली, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेतका ऐन नियम बमोजिम दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षका साथ लैंगिक उत्तरदायी, गरिवि न्युनिकरण उन्मुख र जलवायु परिवर्तन मुखि मध्यमकालिन खर्च संरचना समेतलाई मध्यनजर गरी चालु आ.व. २०७९/०८० को वार्षिक नीति  तथा कार्यक्रम यस गरिमामय सभामा पेश गरिएको छ ।

यो गरिमामय सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वीत भएको महशुस गरेको छु ।

१. देशमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएको विभिन्न जनआन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात(अज्ञात महान् शहिदहरु, यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने बीर शहिद हरि बहादुर कुँवर लगायत सम्पूर्ण ज्ञात(अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।

२. राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सम्मान प्रकट गर्न चाहान्छु ।

३. श्रद्धेय अग्रजहरु, विद्धान् वर्ग, न्याय प्रेमी जनसमुदायले आ-आफ्नो ठाउँबाट योगदान नगरेको भए आजहामी हाम्रो पातारासी गाउँपालिकामा यस हैसियतमा उपस्थित हुन सक्ने थिएनौँ । तसर्थ उहाँहरु प्रति हार्दिक नमन गर्दछु ।

४. हामीले पातारासी गाउँपालिकाको समृद्धि र पातारासी गाउँपालिका बासीको हितको लागि सहमति र सहकार्यको माध्ययमबाट एकाकार हुने संस्कृतिको अभ्यासलाई निरन्तरता दिइनेछ । विगतका त्याग, बलिदान

पातारासी गाउँपालिका

र असल अनुभवबाट मार्ग निर्देशित हुँदै पातारासी गाउँपालिकाको समृद्धिको मार्गचित्रको रूपमा स्वाभिमानी पातारासीबासी सामु यो नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा यस गाउँपालिकालाई सु-संस्कृत र समृद्ध गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने दायित्व बोध भइरहेको छ।

५. **"कृषि, जडिवुटी र पर्यटन, पातारासीको पहिचान १ - महामारी, भोकमरी र बेरोजगारी हटाउने हाम्रो अभियान ११"** भन्ने नाराको समिक्षा गर्दै **"शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चार र रोजगार, हाम्रो सरोकार १ - कृषि, जडिबुटी र पर्यटन समृद्ध पालिका निर्माणको मुल आधार ११"** को नारा अघि सार्दै पातारासी गाउँपालिकाको श्रमशील जनशक्तिलाई व्यवसाय मुखि उत्पादनमा लगाउन र सामाजिक रूपान्तरण सहित समृद्ध पातारासी निर्माण हाम्रो प्रमुख लक्ष्य रहेको कुरामा फेरी पनि जोड दिन चाहान्छु।

६. हामी संघीय गणतान्त्रिक लोकतन्त्रमा आधारित प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय नारालाई आत्मसाथ गर्दै समृद्ध पातारासी, सुखी पातारासीबासी को दिर्घकालीन उद्देश्य अनुरूप समतामूलक समाज निर्माण गर्दै अघि बढिरहेको कुरा स्मरण गराउँदछु।

अब म पातारासी गाउँपालिकाको विद्यमान अवस्थालाई बुँदागत रूपमा प्रस्तुत गर्दछु।

- विकास र समृद्धिको अपार सम्भावना बोकेको साविकको चारवटा गा।वि।स। लाई समायोजन गरी हाल ७ वटा वडा सहितको प्रशासनिक विभाजन भएको गाउँपालिका आर्थिक, सांस्कृतिक, पर्यावरणीय र भौगोलिक विविधताका साथै जल, जंगल तथा जडीबुटीको सम्भावित उत्पादन क्षमताको दृष्टिले उच्च सम्भावना युक्त स्थानमा रहेको छ।
- मुलुकको करिब २१ प्रतिशत भुभाग ओगटेको सबैभन्दा ठूलो कर्णाली प्रदेशको ८१६ वर्ग कि। मि। क्षेत्रफल रहेको पातारासी गाउपालिका पछिल्लो जनगणना वर्ष २०६८ अनुसार १४०८५ जनसंख्या रहेको र हाम्रो अध्यावधिक प्रोफाईल बमोजिम कूल जनसंख्या १७१३५ रहेको छ।
- साक्षरताको हिसाबले कर्णाली प्रदेश निकै पछाडी परेकोमा पातारासी गाउँपालिकाको औसत साक्षरता दर अत्यन्त न्यून रहेको छ।

**सम्मानित सभाका सदस्य ज्यू,**

अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७९र०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- स्थानीय तहलाई प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरे बमोजिम पातारासी गाउँपालिकाको आर्थिक वर्ष २०७९र०८० को नीति तथा कार्यक्रम पेश गरिएको छ ।
- बेरोजगारी र प्रविधिक शिक्षा व्यवस्थापनमा आधारित कार्यक्रम तथा विकासका गतिविधिहरू सञ्चालन गरि यस क्षेत्रका जनताको गरिवी न्युनिकरण गर्ने नीति लिईएको छ ।
- धार्मिक एवंम पर्यटकीय क्षेत्रको विकास एवं प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।
- कृषि उत्पादन, भण्डारण र बजारीकरणमा कृषक समूह तथा सहकारीहरुलाई परिचालित गर्ने नीतिलाई निरन्तरता दिने नीति लिइनेछ ।
- स्वच्छ खानेपानीमा नागरिकको पहुँच सुनिश्चित गरिने छ ।
- वातावरण तथा जलवायु मैत्री पूर्वाधार विकासमा जोड दिइने छ, वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरि आर्थिक रूपले महत्वपूर्ण वनस्पति तथा जडिवुटीको प्रशोधन उद्योग स्थापना गरिने छ ।
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको भरपर्दो व्यवस्था मिलाईने छ ।
- लैङ्गिक समानता महिला सशक्तिकरण लैंगिक मूल प्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई विषेश प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- उज्यालो पातारासी अभियानलाई सार्थक तुल्याउन जल विद्युत उत्पादनमा विशेष जोड दिइने छ र उक्त कार्यमा सहकारीहरुको परिचालन गरी शेयर, अनुदान दिने नीतिलाई निरन्तरता दिइने छ ।
- सार्वजनिक नीजि र सहकारी क्षेत्रको भूमिका र साझेदारीलाई थप प्रभावकारी बनाइने छ ।
- खेलकुद क्षेत्रको विकास, खेलाडिहरुको सम्मान र प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने ।
- भू उपयोग योजना कार्यान्वयनमा ल्याई वैज्ञानिक भू व्यवस्थापनमा जोड दिई कृषिमा आधारित रोजगारीको अवसर सिर्जना गरिनेछ ।

अब म यस सम्मानित सभा समक्ष आर्थिक वर्ष २०७९र०८० को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

पातारासी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डिल्लीचौर, जुम्ला कर्णाली प्रदेश



पातारासी गाउँपालिका जुम्ला

## ९क० आर्थिक क्षेत्र

### बजेट तथा स्रोत परिचालन तथा स्रोतहरुको पहिचान सम्बन्धीः

१. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावर, जडिबुटी, ढुङ्गा, गिट्टी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याउन प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कण क्ष्भ्भ् को प्रतिवेदन बमोजिम नियमानुसार ठेक्का प्रकृया अघी बढाईनेछ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खानी तथा खनिज पदार्थहरुको अध्ययन अनुसन्धान पहिचान र अन्वेषणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३. आन्तरिक स्रोत वृद्धिका लागि करको दर र क्षेत्रमा पुनरावलोकन गरिनेछ।

### कृषि तथा सहकारी सम्बन्धीः

- विदेश तथा स्वदेश बाट फर्कीएका युवाहरुलाई कृषिमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्जुमा गरिने छ।
- युवाहरुलाई व्यवसायिक कृषिमा आवद्ध गराउने नीति लिइएको छ।
- कृषि उत्पादनदेखि बजारीकरण सम्मका प्रक्रियाहरुमा उत्प्रेरक परिचालक र श्रम सहयोगिको रुपमा सहभागि हुने गरी कृषि स्वयंमसेवक तयार पारिनेछ।
- संघ तथा प्रदेश सरकारसँग समन्वय गरी लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ
- जलवायु तथा खद्य संकटासन्न बासिनदाहरुलाई जिविको पार्जनसुधार तथा अनुकुलन क्षमता विकास कार्यक्रम विभन्न सरकारको समन्वयमा सञ्चालन गरिनेछ
- रैथाने बाली तथा जैविक खेती संरक्षण गरिनेछ
- नेपाल सरकारले युवा लक्षित स्वरोजगार कार्यक्रम अनुसार रोजगारी सिर्जना गर्न सिमी, स्याउ, तरकारी र आलु लाई व्यवसायीकरण गर्न जोड दिइने छ।
- जैविक मल, जैविक विषाधिको उत्पादन तथा प्रयोगमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सरकारी वा निजि बाँझो जग्गा प्रयोगमा ल्याउन विषेश कार्यक्रम सञ्चालन गरिने छ।
- स्याउको गुणस्तर वृद्धिगर्न प्याकेजिङ तथा ग्रेडिङमा जोड दिइनेछ।
- जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई प्रोत्साहित गरिनेछ।
- चिनो कागुनो जस्ता लोपोन्मुख तथा मौलिक बालीसंरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि संस्थागत स्तरमा बिउ बैंक ९क्भभम द्यबलप० स्थापना गरिनेछ।
- विश्वकै सर्वाधिक उच्च स्थानमा धान फल्ने छुम ज्युलोको प्रवर्धनको लागि **पातारासीको पहिचान, काली मार्सी धान** भन्ने नारालाई मुलमन्त्रको रुपमा लिइ धान खेति प्रवर्धनको व्यवस्था मिलाईने छ र गुरुयोजना अनुसारको कार्य आगामी तीन वर्षमा सम्पन्न गर्ने कार्य मिलाईने छ।

- पालिका स्तरको कोल्ड स्टोर निर्माण कार्यको सुरूवात गरिनेछ ।
- उच्च मूल्य कृषि वस्तु बजारीकरण तथा सुपथ मूल्य सहकारी पसल सञ्चालनका लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली ९ऋय(यउभचबतष्खभ :बचपभतष्लन क्थकतभ० लागु गरिनेछ ।
- जलवायु परिवर्तनबाट कृषिक्षेत्रमा प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोडदिइनेछ ।
- स्याउ प्रशोधन तथा बजारीकरणको लागि स्याउ सेलार ड्रायर कार्टुन र ढुवानी अनुदान र वितरणमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ ।
- गाउँपालिकाले स्थानीय उद्योग तथा उद्यमीसंग सम्बन्धित संस्थाहरुसँग सहकार्य गरि वडाहरुको पहिचानको रुपमा **एक गाउँ एक वस्तु** उत्पादन पकेट क्षेत्रलाई निरन्तरता दिइनेछ ।
- कृषि भूमी भएका वडाहरुमा **एक गाउँ एक कार्यकर्ता ९इख्इत०** तयार गर्ने कार्यलाई प्रारम्भ गरिनेछ ।
- **एक घर एक बगैंचा** तथा सामूहिक बगैंचाको अवधारणा लागु गरिनेछ ।
- गाउँपालिका स्तरमा तरकारी तथा स्थानीय बालीहरुको संकलन केन्द्र स्थापना तथा बजार व्यवस्थापनमा जोड दिइने छ ।
- गाउँपालिका को भू(उपयोग नीति ९ीबलम ग्कभ एबिल० तयार गरी कार्यान्वयन गरिने छ ।
- आधुनिक कृषि निति व्यवसायिक पशुपंक्षी विकास फलफुल तरकारी र कालिमार्सि धानको क्षेत्रलाई वढावा दिइने छ ।

**पशुपन्छी विकास सम्बन्धीः**

- एक घर एक बगैचा, एक घर एक जर्सी गाईको अवधारणालाई कार्यान्वयनमा ल्याईने छ ।
- घुम्ती सेवा मार्फत मौसमी कृतिम गर्भाधानको पहुँच बृद्धि गर्दै सर्व शुलव बनाइने छ ।
- आधुनिक व्यावसायिक भेडा, बाख्रा पालन साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपंक्षीहरुको व्यावसायिक पालनमा जोड दिई दुध तथा मासुमा आत्मनिर्भर बनाउनलाई जोड दिइने छ ।
- बेरोजगार युवा लक्षित व्यवसायिक पशुपालनमा अनुदान मुखी कार्यक्रमलाई जोड दिईने छ ।
- पशु जन्य उत्पादनमा आधारित घरेलु उद्योग को लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- कृत्रिम गर्भाधान गराउने किसानको उन्नत जातको पशुलाइ विमागर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**पर्यटन विकासः**

- पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याईनेछ ।
- छुम ज्युलो लगायत कृषि पर्यटनलाई प्राथमिकताका साथ कार्यान्वयन गरियने छ ।

पातारासी गाउँपालिका जुम्ला

- देवस्थल, ऋणमोक्ष माई, पटमारा चुली, गोठेला झरना, घारिखोला र पातारासी हिमाललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।
- तातोपानी धानचौरी पर्यटन गुरुयोजना अनुसार निर्माण कार्यको सुरुवात गरिने छ ।
- पर्यटन पूर्वाधार विकास कार्यलाई अघि बढाउनका लागि सूचना केन्द्र, भ्युप्वाइन्ट, च्वातष्लन , पर्यटन पद मार्ग, तालतलैया संरक्षण कार्यलाई अघि बढाइनेछ । ताल सूचिकरणको लागि पहल गरिनेछ ।
- प्रत्येक वडामा सम्भावना भएका गाउँमा केन्द्र रहने गरी होमस्टेको स्थापना गरि संचालन र प्रभावकारी व्यवस्थापनका  गर्नका लागि उत्प्रेरित गरिनेछ ।
- प्रदेश सरकारको नारा **पहिले देश अनि विदेश** लाई आत्मसाथ गरी पर्यटन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ  ।
- पातारासी हिमालको पर्वतारोहण ९च्ययत  एभचकष्त० का लागि संघीय सरकारबाट स्विकृति ल्याई पर्वतारोहण कार्य सुरु गर्न पहल गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुमा होम स्टेको स्थापना व्यवस्थापन तथा संचालनमा जोड दिइने  छ ।

**बन बातावरण संरक्षण तथा हरियाली प्रवर्धन सम्वन्धी नीति:**

- दिगो विकासका लागि वन क्षेत्रको उत्पादकत्व र बन पैदवारको उत्पादनमा वृद्धि गरिनेछ ।
- जैविक विविधता जैविक श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित विवरण सुनिश्चित गरिनेछ ।
- जल तथा भूमिको संरक्षणका साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिने छ ।
- जलवायु परिवर्तनबाट पारिस्थितिकीय प्रणाली स्थानीय जनता र जिविकोपार्जनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न अनुकूलनका कार्यक्रम संचालन गरिने छ ।
- वन तथा वन व्यवस्थापनलाई थप पारदर्शि, जवाफदेहि, उत्तरदायी र समावेशि बनाई सक्षम बनाईनेछ ।
- जडिबुटी खेति संरक्षण तथा प्रशोधन गर्न व्यवसायिक नीति लिइनेछ ।
- स्वच्छ तथा स्वस्थ वातारण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी ऐन कानून तथा नीति नियम बनाई कार्यक्रम तर्जुमा गरिनेछ ।
- बृक्षारोपण तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिने छ ।
- पानीका मुहान तथा नदीनालाहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक उद्यान पार्कको निर्माणका लागि पहल  गरिनेछ ।
- सार्वजनिक तथा सरकारी बनक्षेत्रमा ओखर तथा आरु ९गल्ले आरु०खेतिलाई वढवा दिईने छ ।
- ताल तलैयाको प्रचार प्रसार गरि प्रर्यटन प्रवर्धनमा जोड दिईने छ ।
- सामुदायिक वन उपभोक्ता समितिलाई नियमन गरिनेछ।

पातारासी गाउँपालिका

**उद्योग बाणिज्यरबैंक तथा सहकारी:**

- लघु उद्यम र उद्यमीलाई प्रोत्साहन गरिने छ।
- सहकारीको व्यवसायिक र संस्थागत विकास गर्ने नीति लिइने छ।
- साना र सिमान्त कृषकलाई समूह सहकारीमा आवद्ध गराई वस्तु उत्पादन वृद्धि गर्ने कार्यक्रमलाई जोड दिइनेछ।
- कृषि विकास बैंक को शाखा स्थापना भइ सकेकोले साना किसानलाई आय मुलक अनुदानमा आवद्ध गर्न पहल गरिनेछ।
- सहकारीता मार्फत उपभोक्ता पसल उत्पादन तथा बजारीकरणका लागि सहकारी संस्थाहरुको विकास, प्रवर्धनमा अनुदानको व्यवस्थालाई निरन्तरता दिईने छ।

## सामाजिक क्षेत्र

### शिक्षा तथा खेलकुद सम्वन्धी नीति:

- :द्यद्यक, द्यभ, द्यकअ ब्न वा सो भन्दा माथिल्लो शिक्षा हासिल गर्ने पातारासी निवासी सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई विशेष छात्रवृतीको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- लोकसेवा आयोग तयारी गर्ने व्यक्तिहरुलाई विशेष सहयोग गर्ने नीति लिइएको छ।
- शिक्षा क्षेत्रमा देखिएको विकृति, विसंगतिलाई निरूत्साहित गर्न पारित शिक्षा ऐनलाई अध्यावधिक गरी नियमावली कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- विद्याय संचालन पठनपाठनको प्रविधि अनुकुल व्यवस्था मिलाईने छ।
- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारिक शिक्षाको मूल प्रवाहमा समेट्न विभिन्न खालका कार्यक्रम सञ्चालन गरिनेछ।
- अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ। शिक्षकहरुलाई प्रचलित ऐन, नियमाली तथा कार्यविधिको परिधिभित्र रहि प्रतिकुल असर नपर्ने गरी पातारासी गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट अवश्यकता अनुसार विभिन्न विद्यालयहरूमा कामकाजमा खटाईनेछ।
- यस पातारासी गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिईने छ।
- विद्यालयहरुमा बालमैत्री, तथा समावेशी पूर्वाधार निर्माण गर्न पहल गरिनेछ।
- शैक्षिक गुणस्तर विकासको लागि दिंइदै आएको शैक्षिक अनुदान कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- बदलिँदो परिवेश अनुरुपको शिक्षा प्रणालीलाई आधारभुत तहबाटै सुनिश्चित गरिनेछ।

पातारासी गाउँपालिका जुम्ला

## विज्ञान तथा सूचना प्रविधि सम्वन्धी नीतिः

- गाउँपालिकाको संचालनमा रहेको वेवसाइटलाई अध्यावधिक गरी प्रत्येक वडाहरुमा समेत इन्टरनेट सेवा संचालनमा ल्याइएको र यसको गुणस्तरमा वृद्धि गर्दै लगिनेछ ।
- विकास निर्माणका सम्पूर्ण गतिविधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराइनेछ ।
- टेलीभिजन, टेलीफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम तथा अन्य इन्टरनेट सेवा प्रदायक कम्पनीहरु र टेलीभिजन लगायतका संचारमाध्ययम हरुसँग विशेष पहल गरिने छ ।
- अभिलेख व्यवस्थापनतर्फ नविनतम प्रविधिको प्रयोग गरिनेछ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अधिलेख केन्द्रलाई सुदृढीकरण गरिने छ ।
- विभिन्न सफ्टवेयरहर जस्तैः नगदि तथा व्यावसाय कर व्यवस्थापन प्रर्णाली, कर्मचारी व्यवस्थापन प्रणाली, विद्युतीय हाँजिरी, जिन्सी व्यवस्थापन प्रर्णाली, दर्ताचलानी ई(कार्यपालिका, योजना व्यवस्थापन प्रर्णाली जस्ता विद्युतीय क्यातधबचभ हरुलाई आगामी दिनहरुमा क्रमशः निर्माण गरी प्रयोगमा ल्याईनेछ ।
- आगामी दिनहरुमा क्रमशः यस पालिकालाई भ(न्यखभचलबलअभ को रुपमा विकसित गरि पूर्ण एबउभच िभकक बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ ।

## स्वास्थ्य तथा जन संख्या सम्वन्धी नीतिः

- स्वास्थ्य सेवामा सम्पूर्ण जनताको पहुँच विस्तार गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई समायानुकुल बनाइनेछ ।
- निशुल्क स्वास्थ्य शिविर कार्यक्रमको व्यवस्था गरिनेछ ।
- जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालन का साथै सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- यस पातारासी गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयंमसेविका तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास सम्बन्धी आवश्यक तालिमको प्रवन्ध मिलाइनेछ ।
- होम डेलिभरी शून्य गरिनेछ । गर्भवति चौथो जाँच र सुत्केरी तेस्रो जाँचलाई बढोत्तरी गरीनेछ ।
- स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुको व्यस्थापन तथा उक्त वडाहरुमा स्वास्थ्य चौकी निर्माणका लागी पहल गर्ने र पालिका स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिने छ । साथै आवश्यक



पातारासी गाउँपालिका जुम्ला

क्षेत्रमा गाउँघर क्लिनिक र खोप क्लिनिक स्थापनाको लागि पहल गरिनेछ। सम्पूर्ण स्वास्थ्य चौकीहरुमा प्रसुति सेवा र प्रयोगशाला सेवा विस्तार गरिनेछ।

- यस पालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्तिको पुनः इ बलम : गरि दरबन्दीमा रहेका कर्मचारीलाई अन्यत्र काजमा राख्ने नीतिलाई निरुत्साहित गरिने छ।
- प्रत्येक वडाहरुलाई पूर्ण खोप घोषणा गरी यस गाउँपालिकालाई आ व २०७९।०८०भित्र पूर्ण खोप घोषणा गरिनेछ।
- यस गाउँपिकामा रहेका प्रसुति गृह हरुमा जन्मिएका बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप प्रदान गर्दै आएको बाल अनुदान कार्यक्रमलाई निरन्तरता दिईने छ।
- मातृ शिशु मृत्युदर घटाउन स्वास्थ्य संस्थामा प्रसुती गराउन जाँदाको एकतर्फि निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइएको छ।
- आवश्यक औषधि र स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरिने छ।
- ५ सैयाको अस्पताल निर्माणको कार्यलाई अगाडी बढाईनेछ।
- यस गाउँपालिका अन्तर्गत मेलडिकल अधिकृत छात्रवृति उपलव्ध गराईनेछ।

**लैंगिक समानता र सामाजिक समावेसीकरण सम्बन्धी नीतिः**

- महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र नीजि क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।
- लक्षितवर्गको क्षमता विकासका लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।
- आपत्कालिन महिला र बालबालिका उद्धारकोषको स्थापना गरिनेछ र आपत्कालिन आश्रय सहितको महिला सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ।
- महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ। बाल श्रम शोषण र बाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।
- महिला तथा बालबालिकाहरुको लागि आर्थिक तथा सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकास सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।
- सार्वजनिक संरचनाहरु पूर्ण अपाङ्ग मैत्री बनाईने नीति लिइने छ।
- महिला बालबालिका तथा अपाङ्गहरुका लागि गाउँपालिकामा सहायता कक्ष स्थापना गरिनेछ।
- बालमैत्री स्थानीय शासन स्थापनाका लागि बालमैत्री पालिका घोषणा गरिनेछ।

पातारासी गाउँपालिका जुम्ला

### रोजगार सम्वन्धी नीतिः

- रोजगार कार्यक्रमलाई कृषि, उद्यम सँग जोडेर सञ्चालन गरिने छ।
- युवा रोजगार कार्यक्रमलाई प्रोत्साहन गरिने छ।
- रोजगार र स्वरोजगार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ।

### सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी नीतिः

- यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, असर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैर सरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।
- पातारासी गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## ९ग० पूर्वाधार क्षेत्रः

खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास तथा वस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी नीति

- सडक गुरू योजना कार्यान्वयनमा ल्याईनेछ।
- सडकको आकृति विग्रनेगरी मावन निर्मित समस्याखडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ साथै नक्सापास गर्ने कार्यको थालनी गरिने छ।
- वडा स्तरका सडक तथा गोरेटो बाटाहरुलाई सम्भाव्यता अध्ययन पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ।
- शुद्ध खानेपानी व्यवस्थापनका लागि सहि मुल छनौट गरी बृहत खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक अध्ययन गरी पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिका भरिका अतिरिक्त जग्गाहरु पूर्ण गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुरयाउने नीति अवलम्बन गरिनेछ ।



पातारासी गाउँपालिका जुम्ला

- मान्धारा, न्यौरिघाट लगायतका जग्गा नापि हुन छुट भएका जग्गाहरुको पहिचान गरि जग्गा नापी व्यवस्थित गरिनेछ ।
- खानी उत्खनन गर्न नियमानुसार दर्ताप्रक्रियालाई सरलीकरण गरिनेछ ।
- वातावरणमैत्री जस्ता पातामा जोड दिन यथाशक्य हाल चलन चल्तीमा रहेको सेतो रङ्गका जस्तापाताको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।
- पातारासी गाउँपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने निति तर्जूमा र कार्यान्वयन गरिनेछ ।
- पूर्वाधार सम्बन्धि विकास निर्माण कार्यमा जनताको अपनत्व गराउने गरि कुल लागतको देहाय बमोजिम जन सहभागिता जुटाउने गरि योजना सञ्चालन गरिनेछ ।

  **<u>तपशिल</u>**

  | | |
  |---|---|
  | (क) माटो सम्बन्धि काममा | २५५ |
  | (ख) ग्रावेल सम्बन्धि काममा | २०५ |
  | (ग) क्तचगअतगचभ सम्बन्धि काममा | १०५ |

- ठूला आयोजनाहरु गाउँपालिकाको स्रोतबाट सम्पन्न गर्न नसिकने भएको हुँदा संघीय सरकार तथा प्रदेश सरकारबाट मध्यमकालिन योजनाको रूपमा सञ्चालन गर्ने निति लिइएको छ ।

### विद्युत तथा उर्जा सम्बन्धीः

- सम्भाव्यता अध्ययन भई निर्माणका चरणमा रहेका विद्युत आयोजनाहरुलाई प्रोत्साहित गरि राष्ट्रिय विद्युतप्रणालीमा समायोजन गरिनेछ ।
- उज्यालो पातारसी कार्यक्रम सञ्चालन गरिनेछ ।
- चुकेनी जलविद्युत आयोजना निर्धारीत समयमा नै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
- ठूलो जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनाहरुलाई मर्मत संभार गरी सहज विद्युत आपूर्ति गरिनेछ ।
- वैकल्पिक उर्जा कार्यक्रमलाई लक्षित क्षेत्र र वर्ग सम्म पुर्‍याईने छ ।

### संगठन संरचना, दरबन्दी र कार्यविवरण तथा सुशासन र सेवा प्रवाह सम्बन्धि नीतिः

- गाउँपालिका स्थितसार्वजनिक निकायबाट सम्पादन हुने सेवाप्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड ९च्भधबचम बलम उगलष्कजक्षभलत ० को व्यवस्था गरिनेछ ।

पातारासी गाउँपालिका जुम्ला

- एकिकृत घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ ।
- सार्वजनिक सुनुवाई तथा समिक्षा निर्धारित समयमा सम्पन्न गरिनेछ ।
- गाउँ कार्यपालिका र वडाकार्यालयहरुको दरबन्दी संघीय सरकार र प्रादेशिक सरकार सँग संगठन र विकास ९इचनबलष्शबतष्यल बलम :बलबनभ्रूभलत० सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली ९ऋबचभभच म्भखभयिऊभलत क्थकतभ्रू० लाई व्यवस्थित गरिनेछ ।
- साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुको वृतीविकास सेवा सुविधा का लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

### क्षमता विकास सम्बन्धी नीतिः

- गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली ९त्बह क्थकतभ्रू० लाई फराकिलो तथा प्रभावकारी गरिनेछ ।
- पातारासी गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धि विनिमय, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयन मा ल्याईनेछ ।
- विद्युतीय शासनप्रणाली ९भ( नयखभचलबलअभ क्थकतभ्रू० मार्फत पातारासी गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी काम कारवाहिहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।
- क्षमता विकास योजना (Capacity Development Plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्बन गरिनेछ ।
- पातारासी गाउँपालिका द्बारा पारित ऐन नियम तथा पार्श्वचित्र ९एचयार्षभि० आवश्यक परिमार्जन सहित ल्याईनेछ र आवश्यक नियमावलि मापदण्ड र कार्यविधि स्वीकृत गरिनेछ ।

अन्त्यमा पातारासिको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक श्रमिक, निजि सहकारी र सामुदायिक क्षेत्र, दातृनिकाय, नागरिक समाज, संचार जगत लगायत सम्पुर्ण दिदिबहिनि तथा दाजु भाई लाई धन्यवाद ज्ञापन गर्दछु । पातारसीको अविछिन्न विकासमा सदैव सहकार्य र समन्वय गर्ने नेपाल सरकार तथा प्रदेश सरकारहरुलाई पनि बिशेष धन्यवाद दिन चाहन्छु ।

पातारासी गाउँपालिका जुम्ला

**निर्णय नं १ः प्रताव नं २ उपर व्यापक रुपमा छलफल गरि आव २०७९।८० को वार्षिक बजेट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।**

**श्रद्धेय सम्मानित सभाका अध्यक्ष ज्यू,**
**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

नेपालको संविधान २०७२, आर्थिक कार्यविधि ऐन नियमावली, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेतका ऐन नियम बमोजिम दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षका साथ लैंगिक उत्तरदायी, गरिवि न्युनिकरण उन्मुख र जलवायु परिवर्तन मुखि मध्यमकालिन खर्च संरचना समेतलाई मध्यनजर गरी चालु आ.व. २०७९/०८० को वार्षिक बजेट यस गरिमामय सभामा पेश गरिएको छ।

यो गरिमामय सभामा वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वीत भएको महशुस गरेको छु ।

७. देशमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएको विभिन्न जनआन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात(अज्ञात महान् शहिदहरु, यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने बीर शहिद हरि बहादुर कुँवर लगायत सम्पूर्ण ज्ञात(अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।

८. राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सम्मान प्रकट गर्न चाहान्छु ।

९. श्रद्धेय अग्रजहरु, विद्वान् वर्ग, न्याय प्रेमी जनसमुदायले आ-आफ्नो ठाउँबाट योगदान नगरेको भए आजहामी हाम्रो पातारासी गाउँपालिकामा यस हैसियतमा उपस्थित हुन सक्ने थिएनौं । तसर्थ उहाँहरु प्रति हार्दिक नमन गर्दछु ।

१०.हामीले पातारासी गाउँपालिकाको समृद्धि र पातारासी गाउँपालिका बासीको हितको लागि सहमति र सहकार्यको माध्ययमबाट एकाकार हुने संस्कृतिको अभ्यासलाई निरन्तरता दिइनेछ । विगतका त्याग, बलिदान र असल अनुभवबाट मार्ग निर्देशित हुँदै पातारासी गाउँपालिकाको समृद्धिको मार्गचित्रको रूपमा स्वाभिमानी पातारासीबासी सामु यो बजेट प्रस्तुत गरीरहँदा यस गाउँपालिकालाई सु-संस्कृत र समृद्ध गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने दायित्व बोध भइरहेको छ ।

११.**कृषि, जडिवुटी र पर्यटन, पातारासीको पहिचान १ - महामारी, भोकमरी र बेरोजगारी हटाउने हाम्रो अभियान ११** भन्ने नाराको समिक्षा गर्दै **शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चार र रोजगार, हाम्रो सरोकार १ - कृषि, जडिबुटी र पर्यटन समृद्ध पालिका निर्माणको मुल आधार ११** को नारा अघि सार्दै पातारासी

गाउँपालिकाको श्रमशील जनशक्तिलाई व्यवसाय मुखि उत्पादनमा लगाउन र सामाजिक रूपान्तरण सहित समृद्ध पातारासी निर्माण हाम्रो प्रमुख लक्ष्य रहेको कुरामा फेरी पनि जोड दिन चाहान्छु ।

१२.हामी संघीय गणतान्त्रिक लोकतन्त्रमा आधारित प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय नारालाई आत्मसाथ गर्दै समृद्ध पातारासी, सुखी पातारासीबासी को दिर्घकालीन उद्देश्य अनुरूप समतामूलक समाज निर्माण गर्दै अघि बढिरहेको कुरा स्मरण गराउँदछु ।

**श्रद्धेय सम्मानित सभाका अध्यक्ष ज्यू,**
**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

अब म पातारासी गाउँपालिकाको विद्यमान अवस्थालाई बुँदागत रूपमा प्रस्तुत गर्दछु ।

- यस आवको चालु खर्च ६३।५६५
- यस आवको पूजीँगत खर्च ३९।३३५

पातारासी गाउँपालिका जुम्ला

**श्रद्धेय सम्मानित सभाका अध्यक्ष ज्यू,**

**सम्मानित सभाका सदस्य ज्यू,**

अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७९र०८० को बजेट प्रस्तुत गर्न चाहान्छु ।

**आम्दानी तर्फः**

| | | | |
|---|---|---|---|
| १. | संघीय सरकार वितिय समानिकरण | स् | रु। १०७३००००००।-दस करोड त्रिहतर लाख |
| २. | संघीय सरकार सशर्त अनुदान | : | रु. १५१७००००००।-पन्द्र करोड सत्र लाख |
| ३. | संघीय सरकार राजश्व बाँडफाँड हजार | स् | रु। ९९४८०००००।-नौ करोड चौरानब्वे लाख असी |
| ४. | प्रदेश सरकार वित्तीय समानिकरण हजार | स् | रु। १०८५५०००।-दस करोड आठ लाख पचपञ्न |
| ५. | प्रदेश सरकार सशर्त अनुदान हजार | : | रु. १६८५००००।- एक करोड अरसाठी लाख पचास |
| ६. | प्रदेश सरकार राजस्व वाँडफाँड चौवालिस | स् | रु। १५२४१४४।६३ पन्द्र लाख चौविस हजार एकसय |
| ७. | प्रदेश समपुरक अनुदान | : | रु. १००००००००।-एक करोड |
| ८. | प्रदेश विशेष अनुदान | : | रु. ६००००००।-साठी लाख |
| ९. | आन्तरीक राजश्व पालिका | स् | रु। १११००००।- एघार लाख दस हजार |
| १०. | संघीय समपूरक अनुदान | स् | रु। २४००००००।-दइ करोड चालिस लाख |
| ११. | संघीय विशेष अनुदान | : | रु. २७००००००।-दुइ करोड सत्तरी लाख |
| | **जम्मा** | **स्** | **रु। ४५५८१९१४४।६३ पैतालीस करोड** |

**अन्ठाउन्न लाख एकानब्वे हजार एक सय चौवालीस रुपैया त्रिसठ्ठी पैसा**

पातारासी गाउँपालिका जुम्ला

**श्रद्धेय सम्मानित सभाका अध्यक्ष ज्यू,**
**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

## समानिकरण मार्फत हुने व्यय अनुमान

| | **समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान तर्फबो बजेट विनियोजन** | |
|---|---|---|
| १ | संघ प्रदेश समपुरक कोष | ४,००,००,००० |
| २ | उर्थु पेरे चोत्रा सडक स्तर वृद्धि | २५,००,००० |
| ३ | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम | ३९,००,००० |
| ४ | अध्यक्ष विकास कोष | ६०,००,००० |
| ५ | उपाध्यक्ष विकास कोष | ४०,००,००० |
| ६ | आन्तरिक राजस्व | ११,१०,००० |
| ७ | संघीय समपुरक अनुदान | २,४०,००,००० |
| ८ | संघिय विशेष अनुदान | २,७०,००,००० |
| ९ | प्रदेश सरकारको सशर्त अनुदान पुँजिगत | १,६०,००,००० |
| १० | प्रदेश समपुरक अनुदान | १,००,००,००० |
| ११ | प्रदेश विशेष अनुदान | ६०,००,००० |
| | जम्मा | १४,०५,१०,००० |

# आ. व. २०७९/०८० को आय व्यय अनुमान

पातारासी गाउँपालिका जुम्ला

| चालु तर्फ | | | | |
|---|---|---|---|---|
| | सि. नं. | खर्च शीर्षक | रकम | |
| | १ | तलब कर्मचारी | २७४००००० | दुइ करोड चौरहतर लाख |
| | २ | पदाधिकारी पारिश्रमिक | ४९००००० | उनान पचास लाख |
| | ३ | पोशाक भत्ता | ९८०००० | नौ लाख असी हजार |
| | ४ | स्थानीय भत्ता | ४३००००० | त्रिचालिस लाख |
| | ५ | महँगी भत्ता | १२८०००० | बाह् लाख असी हजार |
| | ६ | गाउँसभा संचालन तथा बजेट तर्जुमा खर्च | ८००००० | आठ लाख |
| | ७ | बैठक भत्ता | ११००००० | एघार लाख |
| | ८ | अन्य भत्ता | ९००००० | नौं लाख |
| | ९ | पानी तथा विजुली | ४००००० | चार लाख |
| | १० | सँचार महसुल | ८००००० | आठ लाख |
| | ११ | विमा तथा नविकरण | ७००००० | सात लाख |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | १२ | इन्धन पदाधिकारी | १५००००० | पन्ध्र लाख |
| | १३ | इन्धन कार्यालय प्रयोजन | १६००००० | सोह् लाख |
| | १४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ७००००० | सात लाख |
| | १५ | सवारी साधन मर्मत | २९००००० | उनान्तिस लाख |
| | १६ | इन्धन अन्य प्रयोजन | ५५०००० | पाँच लाख पचास हजार |
| | १७ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ६००००० | छ लाख |
| | १८ | पुस्तक तथा सामाग्री खर्च | ४००००० | चार लाख |
| | १९ | कार्यालय सञ्चालन सम्बन्धी खर्च | २८००००० | अठ्ठाइस लाख |
| | २० | सेवा र परामर्श खर्च | ५००००० | पाँच लाख |
| | २१ | अन्य सेवा करार | ११०००००० | एक करोड दस लाख |
| | २२ | कर्मचारी तालीम | ६००००० | छ लाख |
| | २३ | सिपविकास तथा जनचेतना तालिम | ८००००० | आठ लाख |
| | २४ | कार्यक्रम खर्च | १८००००० | अठार लाख |
| | २५ | अनुगमन तथा मूल्यांकन खर्च | १६००००० | सोह् लाख |
| | २६ | भ्रमण खर्च | १९००००० | उन्नाइस लाख |
| | २७ | फिल्ड भत्ता | ११००००० | एघार लाख |
| | २८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५००००० | पाँच लाख |

| | | | | |
|---|---|---|---|---|
| | २९ | विविध खर्च | २७०००००० | सत्ताईस लाख |
| | ३० | घर भाडा | १६९५००० | सोह लाख पन्चानब्वे हजार |
| | ३१ | अन्य भाडा | ७०००० | सात लाख |
| | ३२ | एक गाउँ एक प्राविधिकको तलब | ५००००० | पाँच लाख |
| | ३३ | पञ्जिकरण शाखाको तलब | ६५०००० | छ लाख पचास हजार |
| | ३४ | कर्मचारी कल्याण कोष | ९००००० | नौ लाख |
| | ३५ | वडा कार्यालयमा चालु अनुदान | ४२०००००० | वयालिस लाख |
| | ३६ | स्वास्थ्य करार कर्मचारी तलब | १६०००००० | सोह लाख |
| | ३७ | न्यायिक शाखा कार्यक्रम | ८००००० | आठ लाख |
| | ३८ | महिला तथा बालबालिका शाखा कार्यक्रम | ९००००० | नौं लाख |
| | ३९ | उच्च शिक्षा कार्यक्रम | १५०००००० | पन्द्र लाख |
| | ४० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार | १५०००००० | पन्ध्र लाख |
| | | **जम्मा राजस्व चालु** | **९१०५५०००** | नौ करोड दस लाख पचपन्न हजा |
| | | | | |
| | | पुजिगत तर्फ | | |
| | १ | सवारी साधन खरिद | १०००००० | दस लाख ९संघ० |
| | २ | मेसिनरी औजार | १३००००० | तेह लाख ९संघ० |
| | ३ | फर्निचर तथा फिक्चर्स | ११००००० | एघार लाख ९संघ० |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| | ४ | कम्प्युटर सफ्टवयर निर्माण तथा खरिद खर्च | ५००००० | पाँच लाख ९संघ ० |
| | ५ | डिपिआर निर्माण | २५२५००० | पच्चीस लाख पञ्चीस हजार सं |
| | ६ | प्रशासकिय भवन | १०००००० | दस लाख संघ |
| | ७ | प्रशासकिय भवन निर्माण | १५२४१४४ | पन्ध्रलाख चौविस हजार प्रदेश राजश्व |
| | ८ | हाइ अल्टिच्युट ट्रेनिङ्ग सेन्टर | १०००००० | दस लाख संघ |
| | | **जम्मा** | ९९४९१४४ | उनान सौ लाख उनान पचास हजा एक सय चौवालीस |
| | | **कूल जम्मा राजस्व चालु तथा पुँजिगत** | १०१००४१४४ | दस करोड दस लाख चार हजार एक सय चौवालीस |
| | | | | |
| | | राजस्व फिर्ता | ००००० | |
| | | समानीकरण पुँजिगत | ११८१५५००० | एघार करोड एकासी लाख पचपन्न हजार |
| | | आन्तरिक राजस्व | १११०००० | एघार लाख दश हजार |
| | | संघीय समपुरक अनुदान | २४०००००० | दुइ करोड चालिस लाख |
| | | संघिय विशेष अनुदान | २७०००००० | दुइ करोड सत्तरी लाख |
| | | प्रदेश सरकारको सशर्त अनुदान पुँजिगत | १६०००००० | एक करोड साठी लाख |
| | | प्रदेश समपुरक अनुदान | १०००००००० | एक करोड |
| | | प्रदेश विशेष अनुदान | ६०००००० | साठी लाख |

पातारासी गाँउपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| | | **जम्मा पुँजिगत** | **२०२२६५०००** | विस करोड बाइस लाख पैसट्टी हजार |
| | | संघिय सशर्त अनुदान चालु | १५१७००००० | पन्द्र करोड सत्त लाख |
| | | प्रदेश सरकारको सशर्त अनुदान चालु | ८५०००० | आठ लाख पचास हजार |
| | | **कुल जम्मा चालु** | २४३६०५००० | चौविस करोड छत्तिस लाख पाँच हजार |
| | | **जम्मा पुँजिगत** | **२१२२१४१४४** | |
| | | कूल जम्मा | ४५५८१९१४४ | पंतालिस करोड अन्ठाउन्न लाख उन्नाइस हजार एकसय चौवालिस |

| | सि. नं. | खर्च शीर्षक | रकम | राजस्व बाँफाँड प्रदेश सरकारबाट हुने कार्यक्रम |
|---|---|---|---|---|
| | | | | चालु तर्फ |
| | १ | तलब कर्मचारी | २४५०००००० | दुइ करोड पैतालीस लाख |
| | २ | पदाधिकारी पारिश्रमिक | १०००००००० | एक करोड |
| | ३ | पोशाक भत्ता | ९४५००० | नौ लाख पैतालिस हजार |
| | | | **३५४४५०००** | तिन करोड चौवन लाख पैतालिस हजार |
| | | | | |
| | | | | |

पातारासी गाउँपालिका जुम्ला

**श्रद्धेय सभाका अध्यक्ष ज्यू,**

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

- देहायका ठूला आयोजनाहरु गाउँपालिकाको स्रोतबाट सम्पन्न गर्न नसिकने भएको हुँदा संघीय सरकार तथा प्रदेश सरकारबाट मध्यमकालिन योजनाको रूपमा सञ्चालन हुने गरि प्रस्ताव गरेकी छु ।

१. उर्थु पेरे चोत्रा सडक स्तरोन्नती
२. तल्फीबाट हुरी महरी हुँदै दरगारि चने जोडने सडक
३. तालकोट अनुसन्धान केन्द्र
४. खोरी खोला मालिका डाँडा धार्मिक पर्यटन स्थल निर्माण
५. मयल डाँडा बृहत सांस्कृतिक ग्राम
६. लुम देखि लोर्प तटबन्ध निर्माण
७. जगतन्न देखि ठुलि साँघु सम्म तटबन्ध निर्माण
८. ठुलि साँघु देखि पैरेटे सम्म तटबन्ध
९. चाँगा देखि पिपला सम्म तटबन्ध
१०.हुरीसाँघु खालाढिक हुँदै महरी सडक स्तरोन्नती
११.लासी, लेटीलेख, गोठीगाउँ कुडि सडक स्तरोन्नती
१२.चुली पर्यटकीय पदमार्ग निर्माण
१३.पेरे, वालिघाट, देव स्थल, सिस्नेहिमाल वेसक्याम्प पदमार्ग निर्माण
१४.पातलकोट, बाँके, पातारासी हिमाल पदमार्ग निर्माण
१५.महरि चुनेदह पर्यटन पदमार्ग निर्माण
१६.डोर बहादुर विष्ट पार्क निर्माण
१७.खोर देखि रनिधारा सम्म सिंचाई कुलो निर्माण
१८.गाईबरा तटबन्ध निर्माण
१९.घट्टेखोला झाँक्री गोठेला झरना पदमार्ग निर्माण
२०.घारी खोला पार्क निर्माण
२१.पालिका स्तरीय स्याउ कोल्ड स्टोर निर्माण
२२.पालिका स्तरीय कृषि संकलन तथा वितरण भवन
२३.जडिबुटी प्रशोधन उद्योग स्थापना

पातारासी गाउँपालिका जुम्ला

पातारासी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दिल्लीचौर, लासी, जुम्ला कर्णाली प्रदेश, नेपाल

२४.हाई अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माण
२५.आलु उत्पादनमा आधारित स्थानीय उद्योग
२६.पालिका चिमारा केबलकार निर्माण
२७.१५ शैया अस्पताल निर्माण
२८.गाउँपालिकाको प्रशासकीय भवन निर्माण
२९.सामूदायिक स्वास्थ्य केन्द्रहरुको भवन निर्माण
३०.कार्यालय भवन निर्माण
३१.तल्फि प्रहरी चौकि भवन निर्माण
३२.उर्थु प्रहरी चौकि भवन निर्माण
३३.रामचुला बृहत धार्मिक पर्यटन
३४.लुम पक्कीपुल निर्माण
३५.पेरे पक्की पुल निर्माण
३६.गडिगाउँ पक्कीपुल निर्माण
३७.खड्खरा चौरखोला देखि घारी खोला तटबनध निर्माण
३८.खालाढिक मा वि खेलमैदान निर्माण
३९.एकिकृत वस्ति विस्तार चौर गाउँ
४०.रामकोटे ज्यूलो धान खेती प्रबर्धन कार्यक्रम
४१.बृहत खालि उद्यान निर्माण

पातारासी गाउँपालिका जुम्ला

**श्रद्धेय सभाका अध्यक्ष ज्यू,**

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

**तपसिल बमोजिमका आयोजनाहरु मध्यमकालिन योजनाको रूपमा सञ्चालन गर्न प्रस्ताव गरेकी छ ।**

१. उर्थु ।,पेरे, चोत्रा सडक स्तरोन्नती
२. उर्थु, वाता, लोर्पा, लुम सडक योजना
३. लोर्प पक्कि पुल
४. दमै ढुङ्गा हुरीमहरी सडक स्तरोन्नती
५. लुम न्याउरीघाट मन्दु सडक स्तरोन्नती
६. भाङखोला खानेपानी योजना
७. छुमज्युलो संरक्षण तथा प्रवर्द्धन योजना
८. तातोपानी धानचौरी संवर्द्धन तथा प्रवर्द्धन कार्यक्रम

**श्रद्धेय सभाका अध्यक्ष ज्यू,**

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

- देहायका लामा तथा छोटा दुरीका ट्रसपुल तथा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा प्रताव गर ेकि छु ।

**तपशिल**

(क) डोलकाँटी र डिल्लीचौर ट्रसपुल निर्माण,
(ख) लुम गाउँ ट्रसपुल निर्माण,
(ग) चारसाँघु ट्रसपुल निर्माण,
(घ) सैन खोला ट्रसपुल निर्माण,
(ङ) डाँडा खोला ट्रसपुल निर्माण,
(च) घारीखोला ट्रसपुल निर्माण,
(छ) चौरेला ट्रसपुल निर्माण ९६ नं वडा०,
(ज) नुसाँघु ट्रसपुल निर्माण ९१ नं वडा०
(झ) तल्फि विद्यालय जाने ट्रस पुल निर्माण,
(ञ) पेरे धोपा झो पु निर्माण,
(ट) न्यौरिघाट झो पु निर्माण,
(ठ) घाडगुडे झो पु निर्माण,
(ड) गाईवारा खोला ट्रसपुल निर्माण ।

**श्रद्धेय सभाका अध्यक्ष ज्यू,**

**यस सम्मानित सभाका सदस्य ज्यूहरु ।**

## वडा स्तरिय आ।व। २०७९।०८० का लागि प्रस्तावित बजेट

| सि।नं। | योजनको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| | **वडा नं १** | | | |
| १ | गंगादेवी आ।वि।फिल्ड निर्माण | | ९,५०,०००। | |
| २ | माथा चौर हे पो ल्याप बर्थिङ सेन्टर आकास्मिक औषधी खरिद | | ४,००,०००। | |
| ३ | महादेवी खानेपानी निर्माण | | ५,००,०००। | |
| ४ | माथाचौर तेम्वाढुकुचा गुम्वा मुर्ती खरिद धर्मशाला निर्माण | | ४,५०,०००। | |
| ५ | अस्थाइ प्रहरी चौकी वडा नं २ तल्फी फर्निचर खरिद | | १,००,०००। | |
| ६ | पेरे चौतारा देखि माथाचौर हे।पो।सम्म सडक निर्माण | | ४,५०,०००। | |
| ७ | कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्वन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम | | ५,००,०००। | |
| ८ | वडा प्राविधीकको लागि ल्यापटप खरिद | | १,५०,०००। | |
| ९ | गंगा मा।वि।पेरे मर्मत | | १,००,०००। | |
| १० | म्याचिङ फण्ड | | २,००,०००। | |
| १० | श्री गंगादेवी आ।वि।डिपिआर निर्माण | | ५,००,०००। | |
| जम्मा रु | | | ४३,००,०००। | |
| **वडा नं २** | | | | |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| १ | २ नं वडा कार्यालय मर्मत | | १२,००,०००। | |
| २ | एक घर एक ग्यास चुलो  वितरण | | १२,००,०००। | |
| ३ | गंगा मा।वि।भान्सा कोठा निर्माण | | ३,००,०००। | |
| ४ | ल्याप सामाग्री खरिद माथाचौर हे।पो। | | ५०,०००। | |
| ५ | आधारभुत स्वस्थ्य सेवा केन्द्र तल्फी व्यावस्थापन | | १,००,०००। | |
| ६ | त्रिवेणी लघु जल  विधुत नहर मर्मत | | २,००,०००। | |
| ७ | चम्टा घो  देखि धोपा सम्म सडक मर्मत | | ४,५०,०००। | |
| ८ | तल्फी अस्थाई प्रहरी चौकी सामाग्री खरिद | | १,००,०००। | |
| ९ | सरस्वती मा।वि। फर्निचर | | १०,५०,०००। | |
| १० | बालबालिका अपाङ्गहरुको क्षमता विकास | | ५०,०००। | |
| ११ | डाँडा भारपाटी खानेपानी मर्मत | | २,००,०००। | |
| १२ | उदार तथा निस्सी चर्चको समाग्री खरिद | | ५०,०००। | |
| १३ | बाविरा लाटी नाम भएको थान | | १,५०,०००। | |
| १४ | भोरा भुयार थान | | २,००,०००। | |
| **जम्मा रु** | | | **५३,००,०००।** | |
| | | | | |
| **वडा नं ३** | | | | |
| १ | छुम आ।वि।शौचालय निर्माण | छुम | ५,००,०००। | |
| २ | मालिका मा।वि।नयाँ भवनको ग्रिल तथा मेनगेट निर्माण | | ६,००,०००। | |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ३ | महरी गाउँ इ।सि।डी।भवन निर्माण | | ५,००,०००। | |
| ४ | अस्थाइ प्रहरी चौकी तल्फि फर्निचर खरिद | | ५०,०००। | |
| ५ | सरस्वती प्रा।वि।हुरी महरी पर्खाल पलास्टर | | २,५०,०००। | |
| ६ | छुमचौर स्वास्थ्य चौकी औषधी तथा अन्य निर्माण | | २,००,०००। | |
| ७ | हुरी महरी स्वास्थ्य चौकी औषधि फर्निचर खरिद | | ५०,०००। | |
| ८ | डिप्लोमा तथा व्याचलर लेबल अध्यनका लागि प्रतीवर्ष | | २,५०,०००। | |
| ९ | महरि विधुत घेरवार निर्माण | | १,००,०००। | |
| १० | हुरीघाट जलविधुत मर्मत | | ३,००,०००। | |
| ११ | ऋषि खोला लघु  जल विधुत मर्मत | | २,५०,०००। | |
| १२ | उग्रेन तेन्जिङ गुम्वा जस्ता मर्मत | | ३,५०,०००। | |
| १३ | धुदल छोइलिङ गुम्वा मर्मत | | २,००,०००। | |
| १४ | हुरी खानेपानी मर्मत | | ४,००,०००। | |
| १५ | लोडचौर खानेपानी मर्मत | | १,००,०००। | |
| १६ | चौर गाउँ देखि दुनि ऋषि हुन्दै मुन्द मगु डि पिआर | | ५,००,०००। | |
| १७ | जेष्ठ नागरिक, महिला बालबालिका युवा,अपाङ्ग | | १,५०,०००। | |
| १८ | छुम काठेपुल निरुमाण पुरानो वस्ती | | २,००,०००। | |
| १९ | वडा म्याचिङ्ग फण्ड | | ५,००,०००। | |
| २० | कर्णाली हाइअल्टीच्युट व्यावस्थापन | | १,५०,०००। | |
| **जम्मा रु** | | | **५६,००,०००।** | |
| वडा नं ४ | | | | |
| १ | मालिका बाल विकास कन्द्र शैक्षिक सामाग्री खरिद तथा भवन मर्मत | | १,५०,०००। | |
| २ | खानेपानी मर्मत आधारभुत विधालय लुम | | ५,००,०००। | |

पातारासी गाँउपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ३ | महादेव आधारभुत विद्यालय खानेपानी तथा भवन मर्मत | | २,००,०००। | |
| ४ | ऋणमोक्ष मा वि भवन मर्मत डिल्लीचौर | | ८,००,०००। | |
| ५ | हासवाली इ सी डी भवन मर्मत | | १,००,०००। | |
| ६ | लसुर आधारभुत विद्यालय घेरवार,मर्मत | | ३,५०,०००। | |
| ७ | सिर्जनशिल बालविकास भोटगाउ सिमेन्ट पर्खाल | | २,००,०००। | |
| ८ | डिल्लीचौर स्वास्थ्य चौकी प्रतिक्षालय निर्माण | | २,००,०००। | |
| ९ | उच्च शिक्षा :द्यद्यक | | ३,००,०००। | |
| १० | म्यचिङ फन्ड | | १०,००,०००। | |
| ११ | लुम दलित ग्यास चुलो वितरण | | ३,७०,०००। | |
| १२ | सम्दिङ छाइलिङ गुम्वा मर्मत डिल्लीचौर | | ४,००,०००। | |
| १३ | बैसेनी टोल खानेपानी मर्मत | | १,५०,००० | |
| १४ | कुलो निर्माण दलित बस्ती डिल्लीचौर | | २,००,०००। | |
| १५ | ठाटी खानेपानी मर्मत लुम | | १,५०,०००। | |
| १६ | लाम्री देखि गुम्वा सम्म ग्रामिण सडक मर्मत | | ४,००,०००। | |
| १७ | आँखुरे भैयार डाँडा पोरी थान निर्माण लुम | | १,००,०००। | |
| १८ | ठुलाचौर गुम्वा मर्मत समुहिक बैसेनी | | २,३०,०००। | |
| **जम्मा रु** | | | **५८,००,०००।** | |
| | | | | |
| वडा न ५ | | | | |
| १ | शंकर मा।वि। खानेपानी | पातारासी ५ | ५,५०,०००। | |
| २ | जोति आधारभुत विद्यालय लासी खानेपानी मर्मत | पातारासी ५ | ४,५०,०००। | |
| ३ | तलिलोर्पा शाखा बाटो सल्याप निर्माण | पातारासी ५ | ७,००,०००। | |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ४ | स्वास्थ्य औषधी खरिद | पातारासी ५ | १,५०,०००। | |
| ५ | कुलो उतार्न देखि छहरा सम्म ग्रामिण सडक निर्माण माथि लोर्पा | पातारासी ५ | ५,००,०००। | |
| ६ | लासी पोते गोल्ली ग्रामिण सडक निर्माण | पातारासी ५ जम्ना | ७,००,०००। | |
| ७ | महिला तथा बालबालिका | पातारासी ५ | ५०,०००। | |
| ८ | एम्बुलेन्स खरिद ५ नं। वडा कार्यालय | पातारासी ५ | ९,५०,०००। | |
| ९ | पिनारा धारा देखि चालधारा घो। बा। निर्माण | | ४,००,०००। | |
| | | | | |
| जम्मा | | | ४४,५०,०००। | |
| वडा नं। ६ | | | | |
| १ | बाता गाउँ ढल निकाशा | बाता | ११,००,०००। | |
| २ | घोडासिन गाउँ ढल निकाशा | घोडासिन | ११,००,०००। | |
| ३ | उर्थु गाउँ देखि ठिन्के सम्म गोरेटो बाटो निर्माण | उर्थु | ८,००,०००। | |
| ४ | भगवती आधारभुत विद्यालयमा फिल्ड तथा घेरवार | चौतारा | ३,००,०००। | |
| ५ | स्वास्थ्य चौकी मर्मत | उर्थु चौतारा | १,००,०००। | |
| ६ | गौरी आधारभुत विद्यालयमा ढल तथा घेरवार निर्माण | बाता | २,००,०००। | |
| ७ | वडा कार्यालय फर्निचर तथा विधुत लाइन जडान | चौतारा | १,००,०००। | |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ८ | लक्षित वर्ग सम्मान कार्यक्रम | वडा नं ६ | २,००,०००। | |
| ९ | भैपरि तथा आकस्मिक कोष | ६ नं वडा | ४,००,०००। | |
| जम्मा रु | | | ४३,००,०००। | |
| जम्मा रकम | | | | |

वडा नं।७

| | योजनाको नाम | स्थान | रकम | |
|---|---|---|---|---|
| १ | पटमारा धारापोरी ढल निकास निर्माण | पटमारा | १५,००,०००। | |
| २ | रनधारा देखि टोटारा ओडार सम्म ग्रामिण सडक निर्माण | रिनि | ११,००,०००। | |
| ३ | लक्षित वर्ग कार्यक्रम | वडा न ७ | ४,००,०००। | |
| ४ | सरस्वती मा वि डिपीआर निर्माण | रिनि | ५,००,०००। | |
| ५ | महारुद्र आ।वि। फर्निचर खरिद | पटमारा | १,००,०००। | |
| ६ | आधारभुत स्वास्थ्य सेवा व्यावस्थापन | खोरिखोला चौतारा | ५०,०००। | |

पातारासी गाउँपालिका जुम्ला

| | | | | |
|---|---|---|---|---|
| ७ | म्याचिङ फन्ड | ७ वडा कार्यालय | ६,००,०००। | |
| | | | | |
| जम्मा रकम | | | ४२,५०,०००। | |
| कुल सबै वडा को | | | | |

प्रस्तुत बजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागि कार्यपालिका संघ सरकार तथा प्रदेश सरकार प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु।

बजेट तर्जुमा प्रक्रियामा अमूल्य सुझाव प्रदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक श्रमिक, निजि सहकारी र सामुदायिक क्षेत्र, दातृनिकाय, नागरिक समाज, संचार जगत लगायत सम्पुर्ण दिदिबहिनि तथा दाजु भाई लाई धन्यवाद ज्ञापन गर्दछु । पातारासिको निरन्तर विकासको लागि कर तिरी योगदान पुर्याउनु हुने सबै करदाता एवं निजि क्षेत्र र विकास साझेदारहरुलाई धन्यवाद व्यक्त गर्दछु। यस बजेटको कार्यन्वयनमा सबैको सहयोग रहने विश्वास लिएकि छु ।

अन्त्यमा सबै यस पातारासि गाउँपालिकाका दिदि बहिनि तथा दाजुभाईहरुलाई पातारासिको विकास प्रयास र पातारासि नागरिकहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद!!!**

निर्णय नं ३ः प्रताव नं ३ उपर व्यापक रुपमा छलफल गरि आ व २०७९।८० पातारासी गाउँपालिकाको आर्थिक ऐन २०७९ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ४ः प्रताव नं ४ उपर व्यापक रुपमा छलफल गरि आ व २०७९।८० पातारासी गाउँपालिकाको को विनियोजन ऐन २०७९ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५ः प्रताव नं ५ उपर व्यापक रुपमा छलफल गरि पातारासी गाउँपालिकाको को ढुङ्गा गिट्टि तथ बवलुवा उत्खनन् कार्यिविधि मापदण्ड २०७९ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ६ः प्रताव नं ६ उपर व्यापक रुपमा छलफल गरि पातारासी गाउँपालिकाको को अनुगम मूल्याङ्कन तथा सुपरिवेक्षण समितिको कार्यविधि२०७९ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो

पातारासी गाउँपालिका जुम्ला

निर्णय नं ७९ प्रताव नं ७ उपर व्यापक रुपमा छलफल गरि पातारासी गाउँपालिकाका तपशिल बमोजिमका नीतीगत निर्णय सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

१. करार कर्मचारीको म्याद थप साबिककै सेवाशर्त कायम रहने गरी आगामि आर्थिक वर्षसम्म गरियो।
२. विभिन्न समयमा गरियका रकमान्तरको समर्थन गरियो।
३. यस आवको अल्याबजेटको विनियोजन आगामी आवको लागि कार्यपालिकाले गर्ने गरि अधिकार प्रत्यायोजन गरियो।
४. यस आवमा अमानत मार्फत गरिएका कार्यक्रमहरुको समर्थन गरियो।
५. यस आवमा मेलप प्रतिवेदन छलफल गरियो।
६. कर्यव्यस्थता कार्यसम्पादन तथा कार्य समयका आधारमा प्रमुख प्रशासकिय अधिकृत,प्रशासन शाखा प्रमुख,योजना शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख, आर्थिक प्रशासा शाखा प्रमुख, आलेप शाखा प्रमुख हरु लाई प्रोत्साहन स्वरुप मासिक रु १५०००। तलब भत्ता शिर्षकबाट खर्च हुने गरि प्रदान गर्ने निर्णय गरियो।
७. यस आ व मा कार्यपालिकाले गरेको अनुगमन सम्बन्धी निर्णय समर्थन गरियो।

पातारासी गाउँपालिका जुम्ला